**प्रस्तावहरुः**

१. निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
२. TOD Meter खरिदको लागि बजेट व्यवस्था सम्बन्धमा ।
३. जेष्ठ नागरिक न्यानो कपडा बितरण सम्बन्धमा ।
४. विधुत पोल बितरण सम्बन्धमा ।
५. विविध ।

**निर्णय नं. ०१**

यस गाउँ कार्यपालिकाका यस अघिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु समयमा नै कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०२**

यस भगवतीमाई गाउँपालिका र राष्ट्रिय ग्रामीण सामुदायिक विद्युतीकरण विभागबीचको सम्झौता बमोजिम यस गाउँपालिकाको वडा नं. १ देखी ६ सम्म ग्रामीण विद्युतीकरण अन्तर्गत विद्युत लाईन विस्तार कार्य अन्तिम चरणमा पुगेको हुँदा विद्युत लाईन संचालनको लागि TOD Meter जडान गर्न विद्युत वितरण केन्द्र दैलेखमा धरौटी रकम दाखिला गर्नु पर्ने भएको हुँदा चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत जिरो पोइन्ट-वडा कार्यालय सडक स्तरोन्नती कार्यक्रम साझेदारी रकमबाट देहाय बमोजिम खर्च गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | स्वीकृत कार्यक्रम | स्वीकृत रकम | थप भएको कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | जिरो पोइन्ट-वडा कार्यालय सडक स्तरोन्नती | ३००००००। | टि.ओ.डि. मिटर खरिद | २१६१४००। | |

**निर्णय नं. ०३**

यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ स्वीकृत वार्षिक कार्यक्रम अनुसार जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत न्यानो कपडा वितरण गर्न वडा कार्यालयहरुबाट विनियोजन गरेको रकम अपुग भएको हुँदा अपुग रकम रु. ३०००००। नेपाल सरकार-वित्तीय समानीकरण अनुदान अन्तर्गत मेड्पा साझेदारी कार्यक्रमबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०४**

यस गाउँपालिका अन्तर्गत ग्रामीण सामुदायिक विद्युतीकरणको कार्य चलिरहेको हुँदा अपुग विद्युत पोल कर्णाली प्रदेश सरकारबाट प्राप्त भएको हुँदा सो विद्युत पोलहरु देहाय बमोजिम तपसिलका वडाहरुमा वितरण गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | वडा नं. | विद्युत पोल संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ७० | |
| २ | ४ | १२५ | |
| ३ | ५ | ७० | |
| ४ | ६ | १२५ | |
| | | ३९० | |



Scanned with CamScanner